पिपरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पिपरा ,माहोत्तरी

मधेश प्रदेश ,नेपाल

# करार सेवामा पदपूर्ति गर्ने सम्बन्धि सुचाना

*प्रथम पटक प्रकाशित मिति :२०७९/०४/२६*

पिपरा गाउँकार्यपालिकाको कार्यालयमा तपशिल अनुसारका बिभिन्न पदका करार सेवामा कर्मचारीहरु पदपूर्ति गर्न आवस्यक भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले तल उल्लेखित पदहरुका लागि सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक आबेदन फारम भरी पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बिज्ञापन नं. | पद | मांग संख्या | परिक्षा दस्तुर | परीक्षाको किसिम |
|---|---|---|---|---|---|
| १ | १/२०७९/८० | इन्जिनियर (सिभिल),छैठौ | १ | रु १००० | लिखित ,अन्तरबार्ता र प्रयोगात्मक |
| २ | २/२०७९/८० | सब-इन्जिनियर (सिभिल) | ३ | रु ५०० | लिखित ,अन्तरबार्ता र प्रयोगात्मक |
| ३ | ३/२०७९/८० | रोजगार सहायक ,पाचौ | १ | रु ५०० | प्रारम्भिक योग्यताक्रम,लिखित, प्रयोगात्मक, अन्तरबार्ता |
| ४ | ४/२०७९/८० | आप्रबासी स्रोत उपकेन्द्र परामर्शकर्ता | १ | रु ५०० | लिखित ,अन्तरबार्ता |
| ५ | ५/२०७९/८० | मनोसामाजिक परामर्शकर्ता | १ | रु ५०० | लिखित ,अन्तरबार्ता |
| ६ | ६/२०७९/८० | वितिय साक्षरता सहजकर्ता | १ | रु ५०० | लिखित ,अन्तरबार्ता |
| ७ | ७/२०७९/८० | रिटर्नी स्वयंसेवक | ७ | रु ४०० | प्रारम्भिक योग्यताक्रम,अन्तरबार्ता |
| ८ | ८/२०७९/८० | सहायक कम्प्युटर अपरेटर | १३ | रु ४०० | लिखित ,अन्तरबार्ता र प्रयोगात्मक |
| ९ | ९/२०७९/८० | अमीन, चौथो | १ | रु ४०० | लिखित ,अन्तरबार्ता |
| १० | १०/२०७९/८० | कृषि प्राबिधिक(ना.प्रा.स.) | १ | रु ४०० | लिखित ,अन्तरबार्ता |
| ११ | ११/२०७९/८० | पशु प्राबिधिक (ना.प्र.स्वा.प्रा.) | १ | रु ४०० | लिखित ,अन्तरबार्ता |
| १२ | १२/२०७९/८० | हेभी सवारी चालक(लोडर) (श्रेणी बिहिन) | १ | रु ४०० | प्रारम्भिक योग्यताक्रम,अन्तरबार्ता |
| १३ | १३/२०७९/८० | हलुका सवारी चालक श्रेणी बिहिन | २ | रु ४०० | प्रारम्भिक योग्यताक्रम,अन्तरबार्ता |
| १४ | १४/२०७९/८० | कार्यालय सहयोगी(श्रेणी बिहिन ) | १० | रु ४०० | प्रारम्भिक योग्यताक्रम,अन्तरबार्ता |
| १५ | १५/२०७९/८० | स्वीपर (श्रेणी बिहिन ) | ७ | रु ४०० | प्रारम्भिक योग्यताक्रम,अन्तरबार्ता |

**न्युनतम योग्यता तथा अनुभब**

**इन्जिनियर (सिभिल):** २१ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको ,मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा स्नातक तह उत्तिण गरि नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता गरेको तथा भवन निमाण (Building Construction) को Drawing, Design, Estimation, Supervision आदी कार्यको कम्तीमा १ वर्ष अनुभव हासिल गरेको।

**सब-इन्जिनियर (सिभिल):** १८ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

**रोजगार सहायकः** १८ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको,कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको ,आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको ।

**आप्रवासी स्रोत उप-केन्द्र परामर्शकर्ता –** १८ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको , न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा ३ वर्षको कार्यानुभव,सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको वा ३ बर्ष बिदेशमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता प्राप्त गरेको ,कम्प्युटरमा वेभ (इन्टरनेट)रिपोर्टिग गर्न सक्ने , स्थानीय भाषा जानेकोलाई बिशेष प्राथमिकता दिईनेछ ।

**मनोसामाजिक परामर्शकर्ता** : सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श सम्बन्धी ६ महिनाको तालिम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः१८ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको,कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको। अन्यको हकमा मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ

असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको । मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभव भएका महिलालाई विशेष प्राथमिकता दिईनेछ ।

**वित्तीय साक्षरता सहजकर्ता** : १८ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको ,न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता, सहकारी वा बैंक\वित्तीय संस्थामा २ बर्षको अनुभव भएको, वित्तीय साक्षरता तथा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । कम्प्युटरमा वेभ (इन्टरनेट)रिपोर्टिंग गर्न सक्ने ।

**रिटर्नी स्वयंसेवक**: १८ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको, न्यूनतम् कक्षा १० कक्षा पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभवी । रिटर्नी स्वयंसेवक सम्बन्धित स्थानीय तहको स्थाई बासिन्दा हुनुपर्नेछ । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

**अमीन** : १८ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको, मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित बिषयलिई SLC वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट सभे वा जियोमेट्रिक्स बिषयमा कम्तीमा १(एक) बर्षको तालिम प्राप्त गरेको ।

**सहायक कम्प्युटर अपरेटर**: १८ बर्ष पुरा भइ ४० बर्ष ननाघेको, मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त ।

**कृषि प्राबिधिक (ना.प्रा.स.)**: १८ बर्ष पुरा भइ ३५ बर्ष बर्ष ननाघेको मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा पशुविज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि वा पशुविज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि वा पशु विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण ।

**पशु प्राबिधिक (ना.प्र.स्वा.प्रा.)**: १८ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा पशुविज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि वा पशुविज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि वा पशु विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण

**हलुका /हेभी सवारी चालक** : १८ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको, मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ पास उत्तीर्ण गरेको ,सवारी चालक अनुमतिपत्र प्राप्त भएको ,कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

**कार्यालय सहयोगी** : १८ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको, मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ पास उत्तीर्ण गरेको, सम्बन्धित स्थानीय तहको स्थाई बासिन्दा हुनुपर्नेछ ।

**स्वीपर** : १८ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको, सम्बन्धित स्थानीय तहलाई प्राथमिकता दिइनेछ ।

**आवस्यक कागजातहरु** :

शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ,चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ,नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ,अनुभव भए सोको प्रतिलिपि ,पासपोर्ट साइजको फोटो ३ प्रति, सबै प्रतिलिपिको पछाडी उम्मेदबार स्वयमले हताक्षर गरि प्रमानित गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति** :२०७९/०५/०९

**दरखास्त फारम पाउने र बुझाउने स्थान** :website:www.pipramun.gov.np बाट डाउनलोड गरि तोकिए अनुसारको बिवरण भरी ,पिपरा गाउँकार्यपालिकाको प्रशासन शाखामा बुझाउने ।

**सेवा सुबिधा** : पिपरा गाउँकार्यपालिकाको कार्यालयले तोकेबमोजिम हुनेछ ।

**दरखास्त फारम दस्तुर बुझाउने स्थान** :राजश्व शाखा ,पिपरा गाउँकार्यपालिकाको कार्यालय ,पिपरा ।

*उमेरहद :महिलाको हकमा ४० बर्ष*

*रितपुर्वक पेश नभएका तथा म्याद म्याद नाघी दर्ता हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।*

**प्रमुख प्रशासकीय अधिकृत**